नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
( मान्यता, समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स: ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np
मिति: २०८२-११-१९

पत्र संख्या:- २०८२/८३

चलानी नं.:- २५७०५४

**विषय: पाठ्यसामग्री स्वीकृति सम्बन्धमा ।**

Sangam Books Publication

Kalanki

त्यस प्रकाशनबाट मूल्याङ्कन र स्वीकृतिका लागि पेस हुन आएका तपसिलबमोजिमका पाठ्यसामग्री विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, विद्यालय शिक्षाका लागि स्वीकृत पाठ्यक्रम, पाठ्यसामग्री विकाससम्बन्धी विद्यमान प्रावधान, नेपालको संवैधानिक एवम् कानुनी व्यवस्था, प्रकाशन शैलीका प्रावधान, पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा जारी गरेका निर्देशन, पाठ्यसामग्री सुधार/परिमार्जन/पुनर्लेखनका लागि दिइएका सुझाव र निर्देशनको परिपालना गर्नेगरी **पाठ्यसामग्री व्यवस्थापन तथा मूल्याङ्कन समितिको** निर्णयानुसार उल्लिखित शर्तको पूर्ण परिपालना गरी **शैक्षिक सत्र २०८३, २०८४ र २०८५ गरी तीन शैक्षिक सत्रका लागि** गुणस्तरीय एवम् त्रुटिरहित पाठ्यसामग्री प्रकाशन तथा बिक्री वितरण गर्न स्वीकृति प्रदान गरिएको छ । **तोकिएका शर्त विपरित** गुणस्तरहीन पाठ्यसामग्रीको विकास, प्रकाशन र बिक्री वितरण गरेको पाइएमा, पाठ्यक्रम परिवर्तन भएमा वा यस केन्द्रबाट अन्य निर्णय भएको अवस्थामा यो स्वीकृति पत्र जुनसुकै बेला रद्द हुने बेहोरा समेत अनुरोध छ ।

**तपसिल**

**(क) पाठ्यसामग्री**

| | | |
|---|---|---|
| १ | Paragon English 1 | आधारभूत तह/ कक्षा- 1 |

**(ख) शर्तहरू**

१. राष्ट्र, राष्ट्रिय एकता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, पहिचान, सम्मान र समृद्धिमा आँच आउने तथा विभिन्न जातजाति, भाषा, धर्म, वर्ण, क्षेत्र, लैङ्गिकता, अपाङ्गता, पेसा, व्यवसाय, संस्कृति, सामाजिक सहिष्णुता, सद्भाव, सांस्कृतिक मूल्यमान्यता, रहनसहन आदिमा प्रतिकूल प्रभाव पार्ने तथा भावनात्मक रूपमा चोट पुर्‍याउने, आक्षेप लाग्ने, होच्याउने र विभेदीकरण गर्ने किसिमका कुनै पनि विषयवस्तु, उदाहरण, चित्र, अभ्यास, सिकाइ क्रियाकलाप समावेश नगर्ने ।

२.पाठयसामग्री भित्रका विषयवस्तु र पाठमा समावेश गरिएका चित्र, नक्सा, चिह्न, सङ्केत, भाषा आदि शुद्ध, स्पष्ट र बोधगम्य हुनुपर्ने र तथ्याङ्क तथा नक्सा आधिकारिक र प्रामाणिक हुनुपर्ने ।

३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयअनुसारको मूल्य कायम गर्ने तथा मूल्य र मुद्रण प्रतिको सङ्ख्या सर्वाधिकार पृष्ठमा राख्नुपर्ने । प्रतिलिपि अधिकार (Copy right) को सम्बन्धमा लेखक र प्रकाशक स्वयम् जिम्मेवार हुने ।

४. यस केन्द्रले दिएका सुझाव भन्दा फरक हुने गरी विषयवस्तु समावेश गरेर वा केन्द्रले दिएका सुझाव समावेस गरी अन्तिम सामग्रीको रूपमा यस केन्द्रमा पेस गरेको सामग्री भन्दा फरक विषयवस्तु समावेस भएको पाठ्यसामग्री विक्री वितरण गरेमा प्रकाशक स्वयं जिम्मेवार हुनुपर्ने छ। साथै स्वीकृति भन्दा पृथक पाठयसामग्री विक्रि वितरण गरेको पाइएमा नियमानुसर कारवाही हुने।

५. पाठयसामग्रीमा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत प्राप्त भन्ने व्यहोरा उल्लेख गरी प्रकाशन गरेको पाठयसामग्रीको एक प्रति यस केन्द्रमा पेस गरेपछि मात्र विक्रीवितरण गर्ने ।

**Approved By:** Curriculum Development Centre
**Approved Date:**2082-11-19
**Valid upto:** 2083 - 2085
**Price:** Rs. 336.00

**भुवनेश्वर जोशी**
**शाखा अधिकृत**